# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना - २०६८(पाँचौ संशोधन-२०७८)

Disaster preparedness & Response Plan (DPRP)

## जिल्ला विपद् व्यवस्थापन समिति,सल्यान

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सल्यान

कार्यालय :-५२००१३४
फ्याक्स :- ५२००७१

पत्र संख्या :- २०७७/०७८
चलानी नं.

मिति :२०७८/०३/२८

## दुई शब्द

कर्णाली प्रदेश अन्तर्गतको सल्यान जिल्ला बहुआयामिक विविधताले सुसज्जित र सुन्दर छ। यो जिल्ला प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण छ । यति हुँदाहुँदै पनि यो विपद्को दृष्टिकोणले बहुप्रकोपजन्य जोखिममा रहेको देखिन्छ । पहिरो, बाढी, आगलागी, भूकम्प, हावाहुरी र चट्याङ लगायतका घटनाहरुबाट वर्षेनी धेरै जनधनको क्षति व्यहोर्नु परेको दुःखद् अनुभव रहेको छ । गत वर्षबाट संक्रमण फैलिएको कोभिड-१९ को दोस्रो चरणमा संक्रमण उच्च विन्दुमा पुगी दुःखद मृत्यु हुनेको संख्या पनि उच्च रहेको छ । यस परिप्रेक्ष्यमा विपद् जोखिमको क्षेत्र पहिचान गरी तदनुरुप रणनीतिक योजना विकास गर्नु अपरिहार्य भएको छ। यसर्थ जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ जारी गरी विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने जमर्को गरेका छौं ।

विपद् प्राकृतिक र गैरप्राकृतिक दुवै प्रकृतिबाट घटित हुन्छ । यसै आधारमा प्राकृतिक र गैरप्राकृतिक विपदका रुपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले यसलाई मूल २ प्रकारमा परिभाषित समेत गरेको छ। यस योजनाले प्राकृतिक र गैरप्राकृतिक दुवै खाले विपद्, जोखिमको पहिचान र न्यूनीकरण एवम् त्यसको पूर्वतयारी र प्रतिकार्यको समग्र खाका प्रस्तुत गरेको छ। विश्वमा नै महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) पटक पटक स्वरुप परिवर्तन गर्दै गइरहेको सन्दर्भमा यस पटक यस भाइरसले धेरैलाई संक्रमण गरेको, जिल्लाभित्र र जिल्ला बाहिर गरी करिब सय जना जतिले दुःखद मृत्युवरण गर्नुपरेकोले यसको संक्रमण नियन्त्रण गरी रोकथाम र उपचारलाई व्यवस्थित गर्न चुनौतीको सामना गर्नु परेता पनि आगामी दिनमा सहज रुपमा सामना गर्ने गरी अक्सिजन सिलिण्डर, शैयां विस्तार तथा आइ.सि.यू. तथा HDU जस्ता शैयाँहरुको व्यवस्था गरी उपचारको प्रवन्ध जस्ता कार्यमा सम्वन्धित सबै सरोकारवालासँग सहकार्य गरी मृत्युदर घटाउन वृहत प्रयास गरिनेछ।

समष्टिमा जिल्लाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी एवम् रणनीतिक बनाउन यस योजनाले सुस्पष्ट दिशा निर्देश गर्ने मैले विश्वास लिएको छु। जिल्ला विपद् पूर्वतयारी र प्रतिकार्यमा प्रभावकारी बनाउन यो योजना सफल दस्तावेजको रुपमा रहने नै छ । त्यसका लागि जिल्ला विपद् व्यवस्थापन समिति र अन्य सरोकारवाला पक्षहरुहरुको रचनात्मक, सकारात्मक र सहकारितामूलक भूमिकालाई आत्मसात् गर्नु जरुरी हुन्छ। यी सम्पूर्ण विषयहरुलाई सम्बोधन गर्दै सतत् प्रयासमा जुट्दा यस जिल्लाको विपद् पूर्व तयारी र प्रतिकार्य योजनाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सफलता पाउने निश्चित छ।

अन्त्यमा यस योजना तयार गर्ने क्रममा रेडक्रस सोसाइटी, सल्यानको विशेष सहयोग र सहकार्य रहेको छ। विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुको विशेष भूमिका रहेको छ। तथ्याङ्क संकलनमा सहयोग गर्ने स्थानीय तह लगायत अन्य संस्थाहरु रहेका छन्। सहायक प्रमुख जिल्ला अधिकारी थमन खड्काको सक्रियता प्रशंसनीय छ। विभिन्न भूमिकाबाट यस योजना तयार गर्ने क्रममा प्रत्यक्ष परोक्ष योगदान गर्नुहुने सम्पूर्णमा विशेष धन्यवाद एवम् हार्दिक आभार प्रकट गर्दछु। यस योजनाको सफल कार्यान्वयनको लागि मेरो पूर्ण प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

मिति : २०७८/०३/२८

लक्ष्मी देवी होमागाई खतिवडा
प्रमुख जिल्ला अधिकरी एवम्
अध्यक्ष जिल्ला विपद् व्यवस्थापन समिति

# नेपाल रेडक्रस सोसाइटी
सल्यान जिल्ला शाखा

फोन नं. ०८८-५२००४
इमेल:nrcssalyan@gmail.com
ठेगाना:शारदा नगरपालिका वडा नं.-२


प.सं.

च.नं.

## शुभकामना

विपद् आकस्मिक हुने घटना हो र यसको जात धर्म वर्ण लिंग, समय, विवेक आदी केही पनि हुँदैन । प्राकृतिक विपद्लाई रोक्न सकिदैन । यो सत्य हो तर पनि प्रभावकारी मानवीय क्रियाकलापबाट यसको असर र क्षतिलाई न्यूनीकरण गर्न सकिने विभिन्न अध्ययनहरुले देखाएको छ र हाम्रा आफ्नै अनुभव र अभ्यासहरुबाट पनि प्रमाणित भइसकेको छ । त्यसैले वैज्ञानिक विपद् जोखिम व्यवस्थापन योजना निर्माण र यसको प्रभावकारी कार्यान्वयन आजको प्रमुख आवश्यकताको विषय बनेको छ ।

यस सल्यान जिल्ला पहिरो, आगलागी, चट्याङ, हावाहुरी , महामारी र भूकम्प आदी विपद्का हिसावले उच्च जोखिममा रहेको पहाडी जिल्लामा पर्दछ । बर्षेनी यस्ता विपद्बाट ठूलो धनजनको क्षतीको सामना गरिरहनु परेको तितो यथार्थतालाइ आत्मासाथ गर्दै जिल्ला विपद् व्यवस्थापन समितिको अगुवाइ र नेपाल रेडक्रस सोसाईटी सल्यान जिल्लाको प्राविधिक सहयोगमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ पाँचौ संशोधन सहित २०७८ तयार भएको छ ।

यस योजनामा प्रस्तुत गरिएका सूचना, विश्लेषणात्मक तथ्याङ्कहरु एवं जिम्मेवारीले स्थानीय तह, सरकारी तथा गैरसरकारी र विपदको क्षेत्रमा काम गर्ने सबै निकायहरुलाइ विपद पूर्वतयारी तथा जोखिम न्यूनीकरण व्यवस्थापन गर्न एक मार्गदर्शनको रुपमा र सरोकार निकाय सबैका लागि उपयोगी र प्रेरणादायी बन्न सकोस् शुभकामना व्यक्त गर्न चाहन्छु ।

मिति: २०७८/०३/२८

..............................

यौवनप्रकाश श्रेष्ठ

सभापति

# शब्दावली

| संक्षिप्त रुप | विस्तृत रुप |
|---|---|
| जि.वि.व्य.स. | जिल्ला विपद् व्यवस्थापन समिति |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| न.पा. | नगरपालिका |
| गा.पा. | गाउँपालिका |
| स्था.वि.व्य.स. | स्थानीय विपद् व्यवस्थापन समिति |
| साविक गा.वि.स. | साविक गाउँ विकास समिति |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटी |
| ने. से. | नेपाली सेना |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| प्र.ना.उ. | प्रहरी नायव उपरिक्षक |
| जि.प्र.का. | जिल्ला प्रहरी कार्यालय |
| जि.प्रशा.का. | जिल्ला प्रशासन कार्यालय |
| खा.सि.ऊ.वि.का | खानेपानी सिँचाइ तथा उर्जा विकास कार्यालय सल्यान |
| डि.व.अ. | डिभिजन वन अधिकृत |
| उ.अ. | उद्योग अधिकृत |
| जि.नि.अ. | जिल्ला निर्वाचन अधिकृत |
| का.प्र. | कार्यालय प्रमुख |
| स्वा.से.का. | स्वास्थ्य सेवा कार्यालय |
| डि.व.का. | डिभिजन वन कार्यालय |
| जि.शि.वि.त.स.ई. | जिल्ला शिक्षा विकास तथा समन्वय ईकाई |
| गै.स.स.म.सं. सल्यान | गैर सरकारी संस्था महासंघ, सल्यान |
| उ.वा.सं. सल्यान | उद्योग वाणिज्य संघ, सल्यान |
| रा/अगैसस | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| NEOC | National Emergency Operation Center |
| DEOC | District Emergency Operation Center |
| DDMC | District Disaster Management Committee |
| DDRT | District Disaster Response Team |
| NDRT | National Disaster Response Team |
| IRA | Initial Rapid Assessment |
| MIRA | Multi Cluster Initial Rapid Assessment. |
| FA | First Aid |
| NFRI | Non- Food Relief Item |
| FRI | Food Relief Item |
| UNICEF | United Nations International Children's Emergency Fund |
| FNJ Salyan | Federation of National Journalist Salyan Branch |
| D-WASH CC | District Water and Sanitation and Hygiene Coordination Committee |
| R-WASH | Rural Water and Sanitation and Hygiene Coordination Committee |
| M-WASH | Municiple Water and Sanitation and Hygiene Coordination Committee |

## विषयसूची


परिच्छेद-१ पृष्ठभूमि ....1

१.१ जिल्लाको सामान्य जानकारी तथा पृष्ठभूमि....1

१.१.१ सल्यान जिल्लाको संक्षिप्त परिचय....1

१.१.२ भौगोलिक अवस्थिति, सिमाना र क्षेत्रफल....1

१.१.३. प्रमुख ताल, तलैया र नदीहरु ....2

१.१.४ पर्यटकीय स्थल....2

१.१.५ व्यापारिक महत्वका स्थानहरु ....2

१.१.६ राजनैतिक एवम् प्रशासनिक विभाजन....2

१.१.७ सल्यान जिल्लको भू-उपयोगको अवस्था ....2

१.१.८ हावापानी र जलवायु ....3

१.१.९ जनसंख्या विवरण ....3

१.१.१० भू-उपयोग ....3

परिच्छेद-२ ....4

२.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अवधारणा....4

२.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य....4

२.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा ....5

२.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया....5

२.४.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा विधि....5

२.४.२ सन्दर्भ सामग्री र योजनाको पुनरावलोकन....5

२.५ विपद्को इतिहास, तिनको पहिचान, वर्गीकरण तथा प्राथमिकीकरण....7

२.५.१ विपद्को इतिहास ....7

२.५.२ प्रकोपको पहिचान....10

२.५.३ प्रकोपको स्तरीकरण....11

२.५.४ आगलागी....11

२.५.५ बाढी र पहिरो....12

२.५.६ महामारी ( कोभिड १९ )....13

२.५.७ भूकम्प ....13

२.६ प्रकोप जोखिम र संकटासन्नताको विश्लेषण ....13


लक्ष्मी देवी होमागाई (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान


२.६.१ विगतमा भएको विपद्को असरका आधारमा गाउँपालिका तथा नगरपालिकास्तरीय प्रकोप स्तरीकरण ....................13

२.७ विषयगत क्षेत्रका अगुवा तथा सहयोगी संस्थाको विवरण ....................15

२.८ क्षेत्रगत निकायहरुले पूर्व तयारी तथा विपद् प्रतिकार्यको लागि प्रस्ताव गरेको अनुमानित बजेट सारांश ....................17

परिच्छेद-३ ....................18

क्षेत्रगत प्रतिकार्य योजना ....................18

३.१ विषयगत क्षेत्रहरु ....................18

३.१.१ समन्वय तथा सूचना व्यवस्थापन ....................18

विपद्को अनुमानित अवस्था ....................18

रणनीति ....................18

सूचना तथा समन्वय क्षेत्रको आपतकालीन पूर्व तयारी योजना ....................19

३.१.२ खोज तथा उद्धार ....................26

विपद प्रतिकार्य योजना ....................26

कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य ....................29

३.१.३ अस्थायी आवास तथा गैरखाद्य सामग्री ....................29

विपद् प्रतिकार्य योजना ....................31

कार्यान्वयन योजना सहितको प्राथमिकता पूर्वतयारी कार्य ....................33

मानवीय सहयोगसम्बन्धी मापदण्ड ....................33

३.१.४ खाद्य ....................34

रणनीति ....................34

विपद प्रतिकार्य योजना ....................34

कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्व तयारी कार्य ....................36

३.१.५ खानेपानीतथा सरसफाई व्यवस्थापन ....................37

प्रतिकार्य योजनाः ....................38

कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य ....................40

खानेपानी तथा सरसफाइका क्षेत्रमा मानवीय सहयोगका न्यूनतम मापदण्ड : ....................40

३.१.६ स्वास्थ्य र पोषण ....................41

विपद् प्रतिकार्य योजना ....................41

आपतकालीन अवस्था र महामारीको व्यवस्थापनमा चाहिने बजेट ....................42

३.१.७ संरक्षण ....................43

विपद् प्रतिकार्य योजना ....................43


लक्ष्मी देवी होमनाई (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य ....47
३.१.८ आपतकालीन शिक्षा ....49
पूर्वतयारी योजना ....50
२. प्रतिकार्य (Response)....51
३.१.९ पुनःनिर्माण, पुनःस्र्थापना....51
कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य :-....52
विपद् प्रतिकार्य योजना ....53

आपतकालीन आवासको लागि आवश्यक सामग्री र अनुमानित लगतको विवरण....54
मानवीय सहयोगसम्बन्धी मापदण्डः ....55
परिच्छेद-४ ....55
४.१कोभिड १९ सङ्क्रमण जोखिम, रोकथाम तथा नियन्त्रण :– ....55
४.१.१. हाल भइरहेको कोभिड १९को संक्रमणको असरका आधारमा नगरपालिका तथा गाउँपाकिास्तरीय प्रकोप स्तरीकरण (३०० भन्दा बढी संक्रमित उच्च, १०० देखि २९९ सम्म संक्रमित मध्यम र १ देखि ९९ सम्म संक्रमित न्यून जोखिम ) ....56
४.१.२. कोभिड १९ रोग संक्रमण रोथकथाम तथा नियन्त्रणका लागि पूर्वतयारी तथा प्रतिकार्य योजना....56
परिच्छेद-५ ....58
कार्यान्वयन र पुनरावलोकन रणनीति....58
५.१. विपद् प्रतिकार्य तथा पूर्वतयारी योजनाको कार्यान्वयन ....58
५.२. विपद् प्रतिकार्य तथा पूर्वतयारी योजनाको नियमित समीक्षा तथा अद्यावधिकरण ....58
परिच्छेद-६ ....59
प्रतिवेदन तथा अभिलेखन....59
६.१. प्रतिवेदन तथा सञ्चार ....59
६.२. संस्थागत व्यवस्था....59
अनुसूची १ ....59
मानवीय सहायतामा संलग्न साझेदार निकाय तथा क्षेत्रगत अगुवा र सहयोगीको सूची र सम्पर्क नं. ....59
अनुसूची २....62
क) विभिन्न निकायसँग भएका विपद प्रतिकार्य सम्बन्धी दक्ष जनशक्तिको विवरण....62
ख) प्रभावित ईलाकाहरुमा पर्ने सुरक्षा निकायका यूनिटहरु : ....63
नेपाली सेना सबुज गण, सल्यान ....63
नेपाल प्रहरी ....63

लक्ष्मी देवी होमागाईं (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

सशस्त्र प्रहरी बल गुल्म सल्यान ....64

अनुसूची ३ ....65

क) स्थानीय तह र अन्य निकायहरुमा रहेको वर्तमान स्रोत साधन र क्षमता विवरण....65

ख) स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरुको विवरण....69

अनुसूची ४....76

क) सल्यान जिल्लामा सञ्चालित एम्बुलेन्सहरुको विवरण : ....76

ख) जिल्लामा रहेका हेवी उपकरणहरुको विवरण....76

अनुसूची ५ ....77

घरमुलीको ६ जनाको परिवारलाई आधार मानेर नेपाल रेडक्रस सोसाइटीले वितरण गर्ने राहत सामग्री विवरण....77

अनुसूची ६ ....78

विपद् सर्भेक्षण सम्वन्धी फारामहरु ....78

लक्ष्मी देवी होमागाई (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

# परिच्छेद-१ पृष्ठभूमि

## १.१ जिल्लाको सामान्य जानकारी तथा पृष्ठभूमि

### १.१.१ सल्यान जिल्लाको संक्षिप्त परिचय

सल्यान कर्णाली प्रदेश अर्न्तगत पर्ने मध्य पहाडी जिल्ला हो । यस जिल्लाको पूर्वमा रोल्पा; पश्चिममा सुर्खेत र बर्दिया, उत्तरमा रुकुम र जाजरकोट तथा दक्षिणमा दाङ र बाँके जिल्ला रहेको छ । यो जिल्ला समुन्द्री सतहबाट औषत १५०० मिटर उचाइमा रहेको छ । कमजोर भू-बनोट, भिरालो परेको जमिन एवम् बस्ती, अव्यवस्थित र कमजोर प्रकृतिको घर निर्माण जस्ता कारणहरुले यो जिल्ला पहिरो र भूकम्पीय दृष्टिकोणले जोखिममा रहेको छ । विगत २० वर्षको इतिहासलाई अध्ययन र विश्लेषण गर्दा पहिरोको जोखिमका हिसावले धनवांङ, सिद्धेश्वरी, शिवरथ, मूलखोला, घाजरीपिपल र कालागाउँ, बाढीको जोखिमको हिसावले कालिमाटी रामपुर, काभ्रा, देवस्थल, घाजरीपिपल, खलङ्गा, मर्मपरिकाँडा, कालागाउँ तथा भूकम्पको हिसावले धनवाङ, थारमारे, सेजवालटाकुरा, खलङ्गा लगायतका स्थानहरु उच्च जोखिममा रहेको देखिन्छ । शारदा, बबई र भेरी प्रमुख नदीहरुका अलावा लुहाम, मास, बनगाड, मर्म, दार्मा, संग्रही, भिम्पे जस्ता स-साना खोलाहरु पनि यस जिल्लामा रहेका छन् । विगतका इतिहासलाई केलाउँदा बाढी, पहिरो, भूकम्प र चट्याङको अलावा यस जिल्लामा आगलागी, माहामारी एवम् सवारी दुर्घटना जस्ता प्रकोपका कारण विपद् पर्ने गरेको परिदृष्य देखिन्छ । यसका अलावा स्वच्छ खानेपानी तथा सरसफाईको अभावका कारणले पानी एवं पानीजन्य रोगहरुको प्रकोपले पनि जिल्लाका बासिन्दाहरु उत्तिकै प्रभावित हुने गरेका छन् । यस योजनामा जिल्लाभित्र विगतमा कुन प्रकोपले कुन कुन गाउँपालिका तथा नगरपालिकामा के कति क्षति गरेको छ आँकलन गरिनुका साथै जोखिम स्तरीकरण समेत गरिएको छ । यस योजनाले बहु -क्षेत्रगत जोखिमलाई पहिचान गर्दै सोका लागि भावी मार्गचित्र प्रस्तुत गरेको छ ।

### १.१.२ भौगोलिक अवस्थिति, सिमाना र क्षेत्रफल

यस जिल्लाको भौगोलिक अवस्थालाई संक्षेपमा तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका १ : भौगोलिक अवस्थिति, सीमाना र क्षेत्रफल**

| विवरण | |
|---|---|
| अक्षांश | २८° ३१" देखि २८° ५३ " उत्तरी अक्षांश |
| देशान्तर | ८२° ०" देखि ८२° ४६"सम्म पूर्वी देशान्तर |
| पूर्व | रोल्पा |
| पश्चिम | सुर्खेत, बर्दिया |
| उत्तर | पश्चिम रुकुम, जाजरकोट |
| दक्षिण | दाङ्ग, बाँके |
| क्षेत्रफल | १९५१.७८ वर्ग कि.मि. |
| भौगोलिक विभाजन | १. नदीले बनाएको भूभाग<br>२. शिवालिक क्षेत्र<br>३. उच्च पहाडी भू-भाग |
| सरदर बर्षा | ११०० मिलिलीटर |
| औषत उचाइ | १५०० मि |
| अधिकतम उचाइ | जथाक लेक - खर्सुवास (२७२७ मीटर) |
| न्यूनतम उचाइ | बबई नदीको किनार (काप्रेचौर) समुद्री सतह देखि ३२६ मिटर |

लक्ष्मी देवी हेमागाई (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

### १.१.३. प्रमुख ताल, तलैया र नदीहरु

**क) ताल तलैया**

कुपिण्डे ताल, कछुवा दह ।

**ख) नदी/खोला**

शारदा नदी, यसका अलावा लुहाम खोला, मास खोला, मर्म खोला, संग्रही खोला, वनगाड खोला, कोर्वाङ्ग खोला, दार्मा खोला, मोखला खोला, चक्ली खोला, घट्टे खोला आदि पर्दछन् ।

### १.१.४ पर्यटकीय स्थल

सल्यान जिल्ला प्राकृतिक तथा धर्मिक पर्यटनका हिसावले अत्यन्तै महत्वपूर्ण मानिन्छ । सल्यानी राज्य अन्तर्गतका पूराना दरवारहरु, विभिन्न प्राकृतिक गुफाहरु, रमणीय पहाडी शृङ्खलाहरु, ताल तलैया तथा पोखरीहरु, कुपिण्डे ताल, फालावाँङ दरवार, खैरावाङ मन्दिर, छाँयाक्षेत्र सतिदेवी मन्दिर, कुमाख लेक, जथाक लेक आदि यस जिल्लाका प्रमुख पर्यटकीय आकर्षणका केन्द्रहरु हुन् । यसका अलावा, सल्यान जिल्लामा प्राकृतिक गुफाहरु समेत रहेका र ती गुफाहरु पर्यटकीय आकर्षणका केन्द्रका रुपमा रहेका छन् । कुमाख गुफा, शिव गुफा, मोखला शिव गुफा, चाँदनी साततले गुफा यस जिल्लाका प्रमुख गुफाहरु हुन ।

### १.१.५ व्यापारिक महत्वका स्थानहरु

सल्यान जिल्लाका कपुरकोट, लुहाम, लान्ती, श्रीनगर, खलङ्गा, सल्लीबजार, थारमारे, ढोरचौर तथा खरिबोट महत्वपूर्ण व्यापारिक स्थानहरु हुन् ।

### १.१.६ राजनैतिक एवम् प्रशासनिक विभाजन

**निर्वाचन क्षेत्र, नगरपालिका तथा गाउँपालिकाहरु**

| क्षेत्र विवरण | संख्या |
|---|---|
| संसदीय निर्वाचन क्षेत्र | १ |
| प्रदेश सभा निर्वाचन क्षेत्र | २ |
| नगरपालिका संख्या | ३ |
| गाउँपालिका संख्या | ७ |
| जम्मा वडा | ८३ |
| घरधुरी संख्या | ४६५५६ |

**स्रोत** :- जनगणना, २०६८ र सम्बन्धित दस्तावेज ।

### १.१.७ सल्यान जिल्लको भू-उपयोगको अवस्था

| क्र. स. | भू-उपयोग | क्षेत्रफल (हे.) | क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|
| १. | झाडी क्षेत्र | १४९६.०० | ०.७७ |
| २. | चरन क्षेत्र | ९९८.०० | ०.५१ |
| ३. | कृषि क्षेत्र | ४५५६७.०० | २३.३४ |
| ४. | वनक्षेत्र | १२५०५६.०० | ६४.०७ |
| ५. | अन्य क्षेत्र | २२०६०.८० | ११.३० |
| जम्मा | | १९५१७८ | १०० |

२

लक्ष्मी देवी हेमागाई (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

## १.१.८ हावापानी र जलवायु

हावापानीको दृष्टिकोणले सल्यान जिल्ला समशितोष्ण समूहमा पर्ने जिल्ला हो । यहाँ जाडोमा अत्यधिक जाडो र गर्मीमा पनि धेरै गर्मी नरहने अवस्था रहेको छ । यहाँको हावापानी समशितोष्ण बढी र शीतोष्ण कम गरी मिश्रित खालको रहेको छ । यहाँ हिउँदमा औसत तापक्रम ३ डिग्री देखि २८ डिग्री सेल्सियससम्म पुग्दछ भने गर्मीमा १४ डिग्री देखि ३१ डिग्री सेल्सियस सम्म रहन्छ । यहाँ औषतमा १११० मिलीलिटर वर्षा हुने गर्दछ । सल्यान जिल्लाको सबैभन्दा वर्षा हुने ठाउँ कपुरकोट बजार क्षेत्र हो । त्यसैगरी सबैभन्दा गर्मी हुने ठाउँ कालीमाटी रामपुर, श्रीनगर, सल्लीबजार र देवस्थल रहेका छन् । यस जिल्लामा सामान्यतया तीन प्रकारका जलवायु पाइन्छ ।

क) **उष्ण जलवायु**

समुन्द्री सतहको ३२६ मिटर देखि ५०० मिटर सम्मको भूभागहरुमा यस किसिमको हावापानी पाइन्छ । यस क्षेत्रमा श्रीनगर, काप्राचौर, रामपुर, लुहाम, लान्ती आदि पर्दछन् ।

ख) **समशितोष्ण जलवायु**

समुद्री सतहको ५०० मिटर देखि १२०० मिटरसम्मको भूभागमा यस प्रकारको हावापानी पाइन्छ । यो क्षेत्र उच्च पहाडी भूभाग एवमं हावापानीले युक्त रहेको पाइन्छ । निगालचुला, कुमाख लेक, खलङगा, सिमखर्क लगायतका क्षेत्रमा यस किसिमको जलवायु पाइन्छ ।

ग) **शीतोष्ण जलवायु**

समुद्री सतहको १२०० मिटरदेखि २१०० मिटरसम्मको भूभागहरुमा यस प्रकारको हावापानी पाइन्छ ।

## १.१.९ जनसंख्या विवरण

| जन गणना वर्ष | जनसंख्या | | | | | वृद्धि प्रतिशत | घरधुरी संख्या | औसत परिवारको आकार |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | पुरुष | प्रतिशत | महिला | प्रतिशत | | | |
| २०५८ | 213500 | 106834 | 50.04 | 106666 | 49.96 | 3.01 | 38084 | 5.61 |
| २०६८ | 242444 | 115969 | 47.83 | 126475 | 52.17 | 2.42 | 46556 | 5.20 |

**स्रोतः** केन्द्रीय तथ्यांक विभाग

## १.१.१० भू-उपयोग

सल्यान जिल्लाको भू-वनावट नदी, वेशी तथा पहाडी धरातलसम्म फैलिएको छ । यहाँ जमिनको भिरालोपन बढदै जाँदा भू-क्षयको सम्भावनामा पनि वृद्धि हुने देखिएको छ । कतिपय अवस्थामा १८-२० डिग्री भन्दा माथिका भिरालो जमिनको उपयोग भएको छ । यस प्रकृतिको उपयोगलाई नियन्त्रण गर्ने गरिएको छ । ५० डिग्री भन्दा माथिका भिराला जमिन रहेको पाइन्छ जसका कारण विपद जोखिमको सम्भावना रहेको छ ।

लक्ष्मी देवी होमागाई (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्याङ्जा

# परिच्छेद-२

## २.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अवधारणा

विश्वव्यापी विपद् जोखिम न्यूनीकरणको लागि संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले अनुमोदन गरेको साझा रणनीति नै **"ह्योगो कार्यसंरचना"** (Hyogo Framework for Action) हो । सन् २००५ को जनवरी १८ देखि २२ तारिखमा जापानको कोबे शहरमा आयोजित दोश्रो संयुक्त राष्ट्रसंघीय विपद् जोखिम न्यूनीकरण विश्व सम्मेलनमा विश्वका १६८ राष्ट्रले सर्वसम्मत रूपमा ह्योगो कार्यसंरचनालाई अनुमोदन गरी राष्ट्र र समुदायलाई प्रकोपविरुद्ध उत्थानशील (Resilience) बनाउने अपेक्षा राखेको थियो । ह्योगो (Hyogo) कार्यसंरचनाले पाँचवटा प्राथमिकता प्राप्त क्षेत्र निर्धारण गरेको छ । यसको प्रभावकारी कार्यान्वयनको लागि मार्ग-निर्देशक सिद्धान्तहरू तय गरिनुका साथै विपद्बाट जोखिममा रहेका समुदायलाई दीगो विकास लक्ष्य हांसिल गर्न यसले व्यवहारिक तौर तरिकाहरू एवम् विकासका योजना र रणनीतिको केन्द्रविन्दुको रूपमा विपद् जोखिम न्यूनीकरण हुनु पर्ने अवधारणालाई जोड दिएको छ । नेपालले पनि यस कार्ययोजना आफ्नो देशमा लागू गर्ने प्रतिवद्धता अनुरुप नेपाल सरकारले प्रत्येक जिल्लामा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी त्यसलाई लागू गर्ने कार्यको थालनी गरेको छ ।

बहुप्रकोपीय उच्च जोखिममा रहेको नेपाल पानीजन्य प्रकोपका हिसावले ३० औं स्थानमा, भूकम्पको हिसावले ११औं स्थानमा र जलवायु परिवर्तनको हिसावले चौथो स्थानमा पर्दछ । नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरीबतास, असिनापानी, आगलागी, महामारी जस्ता प्रकोपबाट हरेक वर्ष लगभग बीस हजार भन्दा बढी व्यक्तिहरु प्रभावित हुने गरेका छन् । यस्ता विपद्वाट जोगाउन र प्रकोपबाट सिर्जित विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न र सम्बन्धित निकायहरुको जिम्मेवारीलाई प्रष्ट किटान गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

तसर्थ, प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका विपद्का घट्नाबाट हुन सक्ने जीउधनको क्षतिलाई न्यून गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण पक्ष हो । यसै सन्दर्भमा गृह मन्त्रालयले तयार पारेको "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७" को आधारमा जिल्ला स्थित सरोकारवालासँग समेत छलफल अन्तर्क्रिया गरी विपद्को न्यूनीकरण र सामना गर्ने क्षमताको विकास गर्न तत्कालीन जिल्ला दैवी प्रकोप उद्धार समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ तर्जुमा गरिएको थियो । सोही योजनालाई समयसापेक्ष पुनरावलोकन तथा अद्यावधीकरण गर्ने क्रममा "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ को पाँचौ संशोधन २०७८" तयार गरिएको छ ।

## २.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

- कुनै पनि कारणबाट घट्न सक्ने विपद् र त्यसबाट सृजित मानवीय असरहरुलाई न्यूनीकरण गर्न पूर्वयोजना तर्जुमा गर्नु ।
- विपद्को समयमा र विपद्पश्चात् गर्ने गतिविधिहरुको जिम्मेवारी क्रमबद्ध रुपमा राखी सरोकारवालाहरुलाई जानकारी गराउनु ।
- विपद्को क्षेत्रमा कार्यरत (संघ, प्रदेश र स्थानीय तह), गै.स.सं. तथा अन्तराष्ट्रिय गै.स.सं.हरुसँग विपद्पूर्व नै आकस्मिक योजना तयार गरी विपद् सामना गर्न सक्ने क्षमता (Resilience Power) को पहिचान गर्नु ।
- विपद्को समयमा संयमित र संगठित भई विपद् व्यवस्थापन कार्यलाई योजनाबद्ध तरिकावाट पूर्व जिम्मेवारीको किटान गरी व्यवस्थापन गर्न सहयोग गर्नु ।



लक्ष्मी देवी हेमागाई (छेत्री)
प्रमुख जिल्ला अधिकारी

## २.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्रियाकलापहरुलाई संगठित, व्यवस्थित एवम् रणनीतिक बनाई प्रभावकारी प्रतिकार्य गर्न यो योजना तयार गरिएको छ । यस योजनाका अपेक्षित नतिजा देहायानुसार रहेका छन् :

- विपद् पूर्व गर्नुपर्ने आधारभूत जोखिम न्यूनीकरणका कार्यहरु सुनिश्चित हुनेछन् ।
- विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सकिनेछ ।
- विपद्बाट हुनसक्ने जोखिम कम गर्न सरोकारवाला र समुदायबीच सहकार्य अभिवृद्धि हुनेछ ।
- उद्धार र राहतजस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति हुनेछ ।
- सामाजिक, साँस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धि भई विपद्को सामनामा एकजुट हुने वातावरण तयार हुनेछ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै जवाफदेहिता र उत्तरदायित्वको भावना विकास हुनेछ ।
- सङ्कटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्शांकन तयार हुनेछ ।
- जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान भई स्रोत र साधनको आँकलन हुनेछ ।
- विषयगत क्षेत्रहरु आकस्मिक योजना निर्माण भई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुनेछ ।
- जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालन गरी यसबाट समुदाय र केन्द्रबीच द्रुत सूचना स्थापित गरी प्रतिकार्य प्रभावकारी रुपले हुनेछ ।
- विपद् जोखिम न्यूनीकरण गर्न सरोकारवालाहरु बीच समन्वयात्मक संयन्त्रको निर्माण भई प्रकोपको समय र प्रकोप पश्चात तत्काल प्रतिकार्य गर्न सहज हुनेछ ।
- विपद्को समयमा स्थानीय तह तथा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधिलाई अघि बढाइने छ ।

## २.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया

### २.४.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा विधि

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने क्रममा गृह मन्त्रालयद्वारा जारी गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७० प्रथम संसोधन २०७५ लाई मूलआधार मानिएको छ । उक्त मार्गदर्शनलाई अनुशरण गर्दै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७६ (तेस्रो संशोधन) लाई समयसापेक्ष पुनरावलोकन तथा अद्यावधिक गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नका लागि विगतका वर्षहरुमा गरिएको अभ्यास र अनुभवलाई मध्यनजर गरी सहायक प्रमुख जिल्ला अधिकारी श्री थमन खड्का संयोजक र प्राविधिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी, सल्यान जिल्लाको तर्फबाट डि.आर.आर. अधिकृत श्री कृष्ण पोखरेल रहेको २ सदस्य जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन समितिद्धारा यसअघि पहिचान गरिएका ९ वटा विषयगत क्षेत्र (Cluster) को विश्लेपषण गरी तयार गरिएको योजनाको मस्यौदा प्रति मिति २०७८ असार २८ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा पेश भई उपस्थित पदाधिकारी/सदस्यहरुबाट प्राप्त राय सुझावलाई उक्त मस्यौदामा सम्बोधन गर्दै जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ (पाँचौ संशोधन) २०७८ सल्यान अनुमोदन गरिएको छ ।

### २.४.२ सन्दर्भ सामग्री र योजनाको पुनरावलोकन

विगतमा यस जिल्लामा घटेका विपद्का घटनाहरु, गरिएको खोज तथा उद्दार कार्यको अनुभव तथा अभ्यासलाई मध्यनजर गर्दै जिल्लामा क्रियाशील विभिन्न सरकारी कार्यालय तथा गैरसरकारी संघसंस्थाहरुबाट र स्थानीय



लक्ष्मी देवी हेमागाईं (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

तहहरुबाट प्राप्त पृष्ठपोषण, जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC) अभिलेख तथा समय सान्दर्भिक लेखरचनाहरु, गृह मन्त्रालयबाट विभिन्न समयमा प्रकाशित विपद् सम्बन्धी नीति, निर्देशिकाहरुको अध्ययन तथा विभिन्न चरणमा बैठक, कार्यशाला गोष्ठीबाट सुझाएका विषयहरुलाई समेट्दै जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन गरिएको छ ।

**सन्दर्भ सामग्रीहरुको विवरण तालिका**

| क्र. सं. | प्रतिवेदन वा प्रकाशकको नाम | सिकाइ तथा असल अभ्यास |
|---|---|---|
| १. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ | जिल्लास्तरको विपद् जोखिम स्तरीकरण र विषयगत अभ्यासहरु । |
| २. | जिल्ला विपद् व्यवस्थापन समितिका बार्षिक प्रतिवेदनहरु | जिल्लामा हुने गरेको विपद्का घटनाहरु र समाधानका उपायहरु बारे जानकारी । |
| ३. | विभिन्न गै.स.सं. को सहयोगमा समुदायस्तरमा तयार गरिएका स्थानीय विपद् जोखिम व्यवस्थापन कार्ययोजना र अनुभवहरु | स्थानीय निकायले गरेको प्रयास र सफलताका कथाहरु एवम् गाउँस्तरमा योजना निर्माण गर्ने प्रक्रिया; स्थानीय समुदायको प्राथमिकताहरु बारे जानकारी भएको विपद्को स्थिति र स्थानीयस्तरबाट गरेका परम्परागत असल अभ्यास र सम्भावित उपायहरु । |
| ४. | विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीति, २०६६ | राष्ट्रियस्तरमा तयार भएको नीतिबारे जानकारी र जिल्लास्तरमा समायोजन गर्ने प्रक्रिया बारे स्पष्टता । |
| ५. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | ऐनले व्यवस्था गरेको मापदण्ड र सरकारी संरचना बारे जानकारी । |
| ६. | विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ | ऐनले गरेको व्यवस्था र मापदण्ड बारे स्पष्टता । |
| ७. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | विपद् जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकाबारे स्पष्टता । |
| ८. | ह्योगो कार्य संरचना सन् २००५ देखि १५ (सेन्डाई कार्य संरचना २०२०-२०३०) तथा फ्लागसिप फोर २००९ | विपद्लाई प्राथमिकता क्षेत्र अन्तर्गत समावेश । |
| ९. | विपद् पीडित उद्धार र राहत सम्बन्धी (सातौ संशोधन) मापदण्ड, २०७७ | राहत सम्बन्धी मापदण्ड निर्धारण गरिएको । |
| १०. | राष्ट्रिय विपद् प्रतिकार्य कार्य ढाँचा २०७० र संशोधन, २०७५ | तत्कालको प्रतिफलसम्बन्धी अवधारणा निर्माण । |
| ११. | स्थानीयस्तरमा तयार गरिएका स्थानीय विपद् जोखिम व्यवस्थापन योजना | कार्ययोजना तत्काल प्रतिकार्यमा सहजता । |
| १२. | नेपाल सरकारद्वारा गरिने निर्देशन तथा परिपत्रहरु । | प्रतिकार्यमा सहजता । |
| १३. | पूर्वानुमानमा आधारित बाढी पूर्वसूचना कार्यविधि २०७४ | विषयगत क्षेत्रको जिम्मेवारी बाँडफाँडमा सहजता । |
| १४. | विपद् जोखीम न्यूनीकरणको लागि सेन्डाइ कार्यढाँचा(२०१५-२०३०) | विपद्बाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका साधनहरुको साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक, साँस्कृतिक तथा पर्यावरणीय सम्पदाको जोखिम र क्षतिमा उल्लेख्य कमी । |
| १५ | विपद पूर्वतयारी तथा प्रतिकार्य योजना चौथो संशोधन, २०७७ सल्यान | बिषयगत क्षेत्र र जिम्मेवारी बाँडफाँड र स्थानिय विपद जोखिम,संकटासन्नता तथा साधन स्रोत र क्षमताबिश्लेषणमा सहजता । |



लक्ष्मी देवी हेमागाई (छतिवडा)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

## २.५ विपद्को इतिहास, तिनको पहिचान, वर्गीकरण तथा प्राथमिकीकरण

### २.५.१ विपद्को इतिहास

सल्यान जिल्लाको विगत ३० बर्ष यताको विपदको इतिहास विश्लेषण गर्दा आगलागी, बाढी, पहिरो, चटयाङ, र हावाहुरीको बारम्बारता पाइएको छ । केही वर्ष यता सडक सञ्जालमा भएको विस्तारले सडक दुर्घटना बढेको पाइएको छ । यसको आधारमा जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्नु एवम् अद्यावधिक गर्दै जानु वाञ्छनीय हुनेछ ।

**विगत ३० वर्ष यताको जिल्लाको विपद्को इतिहास**

| वर्ष | विपदको प्रकार | घटनाको प्रभाव तथा राहत वितरण कार्यको विवरण |
|---|---|---|
| २०४७ | आगलागी | कालिमाटी काल्चेमा २१ घर जलेर नष्ट, १७८ चौपाया जलेको, तत्कालीन मूल्यमा रु. १ करोड बराबरको धनमाल जलेर नष्ट । |
| | बाढीपहिरो | मूलखोला र घाँजरीपिपल गा.वि.स.को सीमानामा पर्ने बनगाड खोलामा आएको बाढीपहिरोका कारण २ जनाको मृत्यु । |
| २०५१ | बाढीपहिरो | मूलखोलाको ब्यूरेनीमा पहिरो आउँदा ३ परिवार विस्थापित । |
| २०५२ | आगलागी | माझकाडाको पराजुलमा १७ घरमा आगलागी, चौपाया र धनमालको क्षति, रेडक्रसबाट १७ परिवारलाई गैरखाद्य सामग्री वितरण । |
| २०५३ | आगलागी | कुपिन्डेदह र आसपासका गाउँका ५० जना प्रभावित, ७५ चौपाया नष्ट, रेडक्रसबाट १० परिवारलाई राहत सामग्री वितरण । |
| २०५४ | बाढीपहिरो | ढाकाडाम गा.वि.स. का ७ घरका ३५ जना विस्थापित, १५ चौपाया नष्ट, प्रभावित ७ परिवारलाई रेडक्रसबाट राहत सामग्री वितरण । |
| | झाडापखाला | मर्मपरिकाडा र कालागाउँका ४१० जना प्रभावित, ७ जनाको मृत्यु । |
| २०५५ | चट्याङ्ग | कुपिन्डेदहमा ३ को मृत्यु । |
| २०५६ | बाढीपहिरो | कालिमाटी रामपुरमा २० जना विस्थापित, १ जनाको मृत्यु । |
| | सवारी दुर्घटना | धनवाङमा ४२ जनाको मृत्यु । |
| २०५७ | सवारी दुर्घटना | देवस्थलमा ४२ जनाको मृत्यु । |
| २०५९ | आगलागी र बाढीपहिरो | जिल्लाका विभिन्न गा.वि.स. मा भएको आगलागी र आएको पहिरोका कारण ५६४ जना प्रभावित, १२३ परिवारलाई गैरखाद्य सामग्री वितरण । |
| २०६० | आगलागी | सिद्धेश्वरीको फूलगाउँका १५६ जना प्रभावित, ७८ चौपाया वेपत्ता, २६ घरपरिवारलाई गैरखाद्य सामग्री वितरण । |
| | बाढीपहिरो | थारमारेको चिलढालेका ७२ जना प्रभावित, ५० जना विस्थापित, ७ चौपाया वेपत्ता, रेडक्रस, जिविस र प्रशासनबाट १४ घरपरिवारलाई राहत वितरण |
| २०६१ | आगलागी | थारमारेमा ९ जना प्रभावित, १ जना मृत्यु, १ परिवारले रेडक्रस, जिविस र प्रशासनबाट राहत सामग्री प्रदान गरिएको । |
| २०६२ | बाढीपहिरो | काप्रेचौरमा ९० जना प्रभावित, ५ जनाको मृत्यु, १० चौपाया वेपत्ता, १९ परिवारलाई रेडक्रसबाट गैरखाद्य सामग्री वितरण । |
| | सवारी दुर्घटना | त्रिवेणीमा बस दुर्घटना, ६० बढी प्रभावित, रेडक्रस, प्रहरी र स्थानीयबासीलगायतले प्राथमिक उपचार सेवा प्रदान, ४१ जनाको मृत्यु । |
| २०६३ | ज्वरो, | कुपिन्डेदहका ३५० जना प्रभावित, मृत्यु नभएको । |



लक्ष्मी देवी हेमागाईं (छतिवडा)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सल्यान

| वर्ष | विपदको प्रकार | घटनाको प्रभाव तथा राहत वितरण कार्यको विवरण |
|---|---|---|
| | श्वासप्रश्वास | |
| २०६४ | आगलागी | माझकाँडामा १४२ जना प्रभावित, ४५ जना विस्थापित, रेडक्रस सेभ द चिल्ड्रेन, उद्योग वाणिज्य संघ सल्यान, कर्मचारी मिलन केन्द्र, जि.वि.स. लगायतले खाद्य तथा गैरखाद्य सामग्री वितरण । |
| | चट्याङ्ग | कुपिन्डेदहमा ५ जना प्रभावित, ३ को मृत्यु । |
| | झाडापखाला | काल्चे, घाँजरी पिपल र बाझकोटका ६०० जना प्रभावित, मृत्यु नभएको । |
| २०६५ | बाढीपहिरो | बामेमा ३ जना प्रभावित, १ जनाको मृत्यु, १ परिवारलाई ने.रे.सो.बाट गैरखाद्य सामग्री वितरण । |
| | हावाहुरी | रामपुर, कजेरी, कुपिन्डेदहमा २०५१ जना प्रभावित, २५ जना विस्थापित, ५ परिवारलाई ने.रे.सो.बाट गैरखाद्य सामग्री वितरण । |
| | झाडापखाला | ढाकाडामका १५० जना प्रभावित, ३ जनाको मृत्यु भएको । |
| | ज्वरो, श्वासप्रश्वास | भलचौर र कुपिन्डेदहका २५० जना प्रभावित, कसैको मृत्यु नभएको । |
| २०६६ | हावाहुरी | चाँदे करेञ्जी, त्रिवेणी, मार्के र दमाचौर गाविसका ५९५ जना प्रभावित, १५ जना विस्थापित, ३ परिवारलाई नेरेसोबाट गैरखाद्य सामग्री वितरण । |
| | झाडापखाला | मर्मपरिकाँडा, कालागाउँ, स्वीकोट र काप्रेचौरका १०६६ जना प्रभावित, ७ जनाको मृत्यु, रेडक्रस र यूनिसेफबाट जीवनजल, क्लोरिन झोल वितरण गर्नुका साथै स्वास्थ्य शिक्षा प्रदान । |
| २०६७ | आगलागी | स्यानीखाल, त्रिवेणी, दमाचौरमा ८० जना प्रभावित, २० जना विस्थापित, ७ जनाको मृत्यु, रेडक्रस, दलित विकास समाजबाट खाद्य र गैरखाद्य सामग्री वितरण । |
| | सवारी दुर्घटना | शिवरथको जलेखर्कमा ७ जना प्रभावित, ३ जनाको मृत्यु । |
| | झाडापखाला | रामपुर, सरीकोट र स्वीकोटका ५८ जना प्रभावित, १ जनाको मृत्यु । |
| २०६८ | बाढीपहिरो | खलंगा, सिद्धेश्वरी, कोटवारा, शिवरथमा १८० जना प्रभावित २५ जना विस्थापित, ३ जनाको मृत्यु । |
| २०६९ | आगलागी | जिल्लाको विभिन्न स्थानमा गरी २८ घर जलेर नष्ट । |
| | पहिरो | जिल्लाको विभिन्न स्थानमा गरी ७९ घर नष्ट । |
| | चट्याङ्ग | २०६९ भाद्र १४ गते कालीमाटी रामपुरमा चट्याङ्गमा परी १ जना महिलाको मृत्यु, १ जना घाइते, २०६९ फागुण ६ गते निगालचुला गा.वि.स वडा नं २ मा २ पुरुषको मृत्यु तथा २ घाइते । |
| २०७० | आगलागी | जिल्लाको विभिन्न स्थानमा १९ घर जलेर नष्ट, थारमारे गा.वि.स. वडा नं ३ मा १ पुरुषको मृत्यु १ घाइते । |
| | पहिरो | श्री कालिका मा.वि. कपुरकोटको विद्यालय भवन पहिरोको कारण जोखिममा भएपछि विद्यालयलाई अन्यत्र स्थानान्तरण, राप्ती राजमार्गमा पहिरोको कारण धेरै दिन सम्म अवरुद्ध । |
| २०७१ | पहिरो बाढी | २०७१ साउन २८ देखि ३० सम्म परेको अविरल बर्षातका कारण जिल्लाको काप्रेचौर, लक्ष्मीपुर, देवस्थल, माझकाडा, घाजरीपिपल, कालीमाटी काल्चे, निगालचुला, रामपुर, कुपिण्डेदह गा.वि.स.हरु प्रभावित, २१८ घर पूरै ४७३ घर आशिंक रुपमा क्षति करिब ६००० रोपनी खेतीयोग्य जमिनमा लगाएको बालीहरु पूर्ण रुपमा नष्ट, निगालचुला गा.वि.स.मा ८ जनाको मृत्यु ३ बेपत्ता, कालीमाटी रामपुर, कालीमाटी काल्चे, र फलावाङ्गमा १, १ जनाको मृत्यु रामपुरमा १ जना घाइते काप्रेचौरमा १ मा.वि. बगाएको निगालचुलामा १ विद्यालयमा आशिंक क्षति । |
| २०७२ | भूकम्प | जिल्लाको विभिन्न गा.वि.स.हरुमा क्षति १२ घरमा पूर्ण क्षति, ७७ विद्यालयमा क्षति १२ वटा विद्यालयमा पठन पाठन हुन नसक्ने । |



लक्ष्मी देवी होमागाई (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

| वर्ष | विपदको प्रकार | घटनाको प्रभाव तथा राहत वितरण कार्यको विवरण |
|---|---|---|
| | पहिरो | घटना संख्या ६ रहेकोमा ६ घरपरिवार प्रभावित रहेको र (छत्रेश्वरी ४, शारदा न.पा. ६, दार्मा ५, कपुरकोट ५, र बनगाद न.पा ६) मा प्रभाव परेको । |
| | बाढी | घटना संख्या ३ रहेकोमा १ जनाको मृत्यु भएको, ६ घरपरिवारको २१ रोपनी जमिन कटान गरी लगेको र (शारदा न.पा. ६ र कुमाखा गा.पा. २) मा प्रभाव परेको । |
| २०७३ | असिना पानी | घटना संख्या ३४ रहेकोमा ७९ घरपरिवार प्रभावित रहेको र (शारदा न.पा. १, २, ३, ४, ९, १०, ११, १२, १४, बागचौर न.पा.को २, ३, ७, ८, १० कालिमाटी गापाको १, २, ४, दार्मा १, ३, ५, बनगाड न.पा. १, ५, कुमाख २, छत्रेश्वरी गापाको १, ४ र सिद्धकुमाख गापाको २, ५) मा प्रभाव परेको । |
| | चट्याङ्ग | घटना संख्या ३ रहेकोमा १ जनाको मृत्यु भएको, १ जना घाइते भएको, ३ घरपरिवार प्रभावित रहेको र (दार्मा गा.पा. ५, ६ र बनगाड कुपिण्डे न.पा. ३) मा प्रभाव परेको । |
| | पहिरो | घटना संख्या २२ रहेकोमा १ जनाको मृत्यु भएको, १० जना घाइते रहेको, २१ घरपरिवार र १ यात्रुबाहक वस प्रभावित रहेको र (बागचौर न.पा. ६, कपुरकोट गा.पा. ३, कालीमाटी गा.पा. ४, ६, ७, छत्रेश्वरी गा.पा. २, ४, ५ र बनगाड कुपिण्डे न.पा. ५) मा प्रभाव परेको । |
| | बाढी | घटना संख्या ४ रहेकोमा ३०० घरपरिवार प्रभावित रहेको र (बनगाडकुपिण्डे न.पा. १, ५, ६ का २०० घरधुरी, शारदा न.पा. ४ , दार्मा गा.पा. ३ र कालीमाटी गा.पा. ५, ६,७ का ९८ घरधुरी) प्रभावित परेको । |
| २०७४ | असिना पानी | घटना संख्या ८४ रहेकोमा ७० घरपरिवार र ५ वटा विद्यालय प्रभावित रहेको र ( बागचौर न.पा. १, ५, ७, ९, छत्रेश्वरी गा.पा. १, ४, कुमाख गा.पा. ४ र ७, शारदा न.पा. ३, ५, ६, ८, ९, ११, १२, १२ कालीमाटी गा.पा. १, २, ३, ४, ६, ७, बनगाडकुपिण्डे न.पा. १, ५, कपुरकोट गा.पा. ३, ४ र सिद्धकुमाख गा.पा. १) मा प्रभाव परेको। |
| | चट्याङ्ग | घटना संख्या ६ रहेकोमा १ जना घाईते रहेको ६ घरपरिवार प्रभाववित रहेको र (छत्रेश्वरी गा.पा. १ र ७, बागचौर न.पा.१, शारदा न.पा. २ र कालिमाटी गा.पा. ५) मा प्रभाव परेको छ । |
| | पहिरो | केही नभएको |
| | बाढी | घटना संख्या १ रहेकोमा ५८ घरपरिवार प्रभावित रहेको र बनगाडकुपिण्डे न.पा. १ गैली बजारमा प्रभाव परेको । |
| २०७५/०७६ | असिना पानी | घटना संख्या ३ रहेकोमा ३ घरपरिवार प्रभावित रहेको र (बागचौर न.पा. २, बनगाडकुपिण्डे न.पा. २ र कालिमाटी गा.पा. २ ) प्रभावित रहेको । |
| | चट्याङ्ग | घटना संख्या ८ रहेकोमा १ जनाको मृत्यु र ४ जना घाईते रहेको साथै ७ चौपायाको मृत्यु भएको र कुमाख गा.पा.वडा नः ३ मा प्रभाव परेको । |

लक्ष्मी देवी हमागाई (छतिवडा)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

| वर्ष | विपदको प्रकार | घटनाको प्रभाव तथा राहत वितरण कार्यको विवरण |
|---|---|---|
| | आगलागी | घटना संख्या २९ रहेकोमा २० घर र १ गोठ जलेर नष्ट हुनको साथै ३ जना मानिसको समेत मृत्यु भएको । छत्रेश्वरी गाउँपालिका बढी प्रभावित भएता पनि अन्य पालिकामा समेत प्रभाव परेको । जिल्लाका अधिकांश सामुदायिक वनहरुमा आगलागी भएको । |
| | बाढी पहिरो | घटना संख्या ८६ प्रभाविति घर संख्या ६४ र गोठ २ रहेकोमा ९ जना मानिसको मृत्यु भएको । साथै ७ चौपायाको मृत्यु हुनुको साथै २ घाइते भएको । |
| २०७६/०७७ | COVID-19 महामारी | जिल्ला भरी संक्रमण बढेको छ, २०७६ चैत्र महिना देखि २०७७ असार मसान्त सम्ममा संक्रमित ३४० जना, स्वास्थ सुधार भएका ३०० जना र ३४ जना आइसुलेसनमा उपचारत रहेका । |
| २०७७/०७८ | COVID-19 महामारी | २०७८ बैशाख महिना देखि जिल्ला भरी COVID 19 को दोस्रो लहरबाट संक्रमित संख्या बढेको । २०७८ असार २७ गते सम्ममा जम्मा संक्रमित संख्या २११६, सक्रिय संक्रमित संख्या १०१ जना, स्वास्थ सुधार भएका जना १९७० जना, मृत्यु ५२ जना (जिल्ला अस्पतालमा मृत्यु ), होम आइसुलेसनमा ९१ र संस्थागत आइसुलेसनमा ३ जना उपचाररत रहेका । |
| | आगलागी | संख्या ६३ जलेर नष्ट , ४० घर जोखिममा रहेको साथै ४ जना मानिसको समेत मृत्यु भएको र ५ जना घाइते भएको, ३४ वटा चौपाय जलेर मृत्यु भएको । आगलागीबाट रु.१,५९,५१,५५० बराबर धनजनको क्षति भएको । |
| | बाढी पहिरो | घटना संख्या ७३ घर क्षती, १४८ घर जोखिममा रहेको साथै २ जना मानिसको मृत्यु र १ जना घाइते भएको । साथै ८ चौपायाको मृत्यु हुनुको र रु.२९,१९,३४१ बराबरको धनमालको क्षति । |
| | | |

**स्रोत** : जिल्ला प्रहरी कार्यालय सल्यान, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सल्यान, स्वास्थ्य सेवा कार्यालय सल्यान तथा सल्यान जिल्लाका विषयगत कार्यालयहरु ।

### २.५.२ प्रकोपको पहिचान

सल्यान जिल्ला प्रकोप तथा विपद्को दृष्टिले उच्च जोखिम भएको जिल्ला हो । यस जिल्लाको भौगोलिक अवस्थिति, धरातलीय स्वरुप, माटो, जलवायुमा आएको परिवर्तन नै प्रकोपका मुख्य कारण हुन् । खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोत साधनको उचित व्यवस्थापनको अभाव, अवैज्ञानिक भू-उपयोग, असुरक्षित पूर्वाधार तथा संरचना निर्माण जस्ता कारणले भू-क्षय, सुख्खाग्रस्तता, आगलागी एवम् जलउत्पन्न प्रकोपहरु सिर्जना भइरहेको छ । विगतदेखि हालसम्मको प्रकोपको इतिहासलाई नियाल्दा यस जिल्ला देहायका प्रकोपहरुबाट बढी प्रभावित भएको देखिन्छ ।

१. भूकम्प ,
२. आगलागी,

लक्ष्मी देवी हमागाई (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

३. बाढी,
४. पहिरो,
५. महामारी/कोभिड १९
६. असिना,
७. चट्याङ,
८. खडेरी,
९. सडक दुर्घटना
१०. जंगली जनावरको आतंक

### २.५.३ प्रकोपको स्तरीकरण

सूचीकृत भएका प्रकोपहरुलाई विगत वर्षहरुको प्रकोपको इतिहास, राहत तथा उद्धार सम्बन्धी जिल्लामा उपलब्ध तथ्यांक/सूचनाहरु तथा प्रकोपको बारम्बारताको आधारमा प्रकोप स्तरीकरण म्याट्रिक्समा राखी प्रकोपहरुको प्राथमिकीकरण गरिएको छ ।

| प्रकोप | बाढी | पहिरो | आगलागी | भूकम्प | असिना | महामारी कोभिड १९ | खडेरी | जंगली जनावर आतंक | चट्याङ |
|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | पहिरो | आगलागी | बाढी | बाढी | कोभिड १९ | बाढी | बाढी | बाढी |
| पहिरो | | | आगलागी | पहिरो | पहिरो | कोभिड १९ | पहिरो | पहिरो | पहिरो |
| आगलागी | | | | आगलागी | आगलागी | कोभिड १९ | आगलागी | आगलागी | आगलागी |
| भूकम्प | | | | | असिना | कोभिड १९ | खडेरी | जंगली जनावर आतंक | चट्याङ |
| असिना | | | | | | कोभिड १९ | असिना | जंगली जनावर आतंक | चट्याङ |
| महामारी कोभिड १९ | | | | | | | कोभिड १९ | कोभिड १९ | कोभिड १९ |
| खडेरी | | | | | | | | जंगली जनावर आतंक | चट्याङ |
| जंगली जनावर आतंक | | | | | | | | | जंगली जनावर आतंक |
| चट्याङ | | | | | | | | | |
| प्राप्त अंक | ५ | ६ | ७ | | १ | ८ | १ | ४ | ३ |
| प्राथमिकता | चौथो | तेस्रो | दोस्रो | आठौं | सातौ | प्रथम | सातौं | पांचौ | छैठौ |
| | | | | | | | | | |

### २.५.४ आगलागी

आगलागीका घटना सबभन्दा बढी छत्रेश्वरी, कपुरकोट, कालीमाटी, शारदा र वनगाड कुपिण्डे लगायतका स्थानीय तहहरुमा हुने गरेको तथ्यांकले देखाउँछ । जिल्लाका अन्य स्थानीय तहमा पनि आगलागीको घटना हुने

लक्ष्मी देवी हेमागाई (छतिवडा)
प्रमुख जिल्ला अधिकारी